# डायरीमा रामप्रसाद राई उपन्यासमा समाजवादी यथार्थवाद

**डा. धनप्रसाद सुवेदी***

**लेखसार**

*प्रस्तुत अध्ययन गणेश अधिकारीद्वारा लिखित 'डायरीमा रामप्रसाद राई' (२०७७) उपन्यासमा केन्द्रित छ । यहाँ 'डायरीमा रामप्रसाद राई' उपन्यासलाई समाजवादी यथार्थवादका कसीमा अध्ययन तथा विश्लेषण गरिएको छ । समाजवादी यथार्थवादका विभिन्न मान्यतामध्ये गतिशील यथार्थको चित्रण, वर्गसङ्घर्ष र वर्गीय पक्षधरतालाई आधार मानी उक्त उपन्यासको अध्ययन गरिएको छ । प्रस्तुत उपन्यास राणाविरोधी आन्दोलनका योद्धा रामप्रसाद राईको जीवनीमा आधारित छ । योद्धा रामप्रसाद राईको जीवनका मुख्यमुख्य घटनाको चित्रण गरिएको यस उपन्यासमा वि.सं. २००७ को राणाविरोधी आन्दोलनमा माझकिरात क्षेत्रका योद्धाले गरेको सङ्घर्षका साथै नेपालमा रहेको वर्गीय तथा जातीय विभेद, शोषण, वैदेशिक हस्तक्षेप आदिको चित्रण गरिएको छ । राणाविरोधी आन्दोलनका पृष्ठभूमिमा भएको दिल्ली सम्झौताप्रति रामप्रसाद राईहरूको विरोध देखिएपछि अन्ततः रामप्रसाद राई बेपत्ता भएको घटनाका पृष्ठभूमिमा उपन्यास केन्द्रित रहेको छ । गतिशील यथार्थ, उत्पीडित र उत्पीडकका बिचमा रहेको सङ्घर्षको चित्रणमा केन्द्रित रही सबै प्रकारका उत्पीडन अन्त्यको चाहना व्यक्त गरिएको हुँदा प्रस्तुत उपन्यास समाजवादी यथार्थवादी मान्यतामा आधारित रहेको निचोड यस अध्ययनबाट निकालिएको छ ।*

**शब्दकुञ्जी**

गतिशील यथार्थ, वर्गीय पक्षधरता, उपरिसरचना, द्वन्द्वात्मक भौतिकवाद ।

## [Socialist Realism in the Novel *Ram Prasad Rai in Diary*

Dr. Dhan Prasad Subedi

## Abstract

---

* सहप्राध्यापक, पाटन संयुक्त क्याम्पस, ललितपुर ।

*This research article revolves round the novel Ram Prasad Rai in Diary (2077v.s.) penned by Ganesh Adhikari. In this article, the novel has been examined through the perspective of socialist realism. Among various components of socialist realism, the novel Ram Prasad Rai in Diary, in this article, has been analyzed applying the tools of changeable reality, class struggle and class favoritism. The novel is based on the biography of Ram Prasad Rai who was a freedom fighter involved in the anti- Ranacracy movement. Resultantly, the novel does project major events in the life of Ram Prasad Rai, the anti-Ranacracy movement of 2050 launched by the revolutionaries in the majh kirat region, different forms of discrimination based on such as caste and class prevalent in Nepalese society, exploitation and foreign intervention. The novel concentrates on the opposing stand of Ram Prasad Rai and his companies on the Delhi Agreement on the background of anti- Ranacracy movement and ultimately the disappearance of Ram Prasad Rai. Eventually, this study concludes that the novel leans on the principle of socialistic realism as it highlights progressive reality, conflict between the oppressor and the oppressed, and it wishes the extermination of all types of oppression.*

## Keywords

changeable reality, class favoritism, superstructure, dialectical materialism.]

## विषयपरिचय

नेपाली उपन्यास लेखन परम्परामा रुद्रराज पाण्डेको *रूपमती* (१९९१) बाट आधुनिक कालको सुरुआत भएको मानिएको छ । राणा शासनको अन्त्यसँगै नेपाली साहित्यमा दायरा फराकिलो भएसँगै नेपाली उपन्यासमा समाज, संस्कृति, प्रकृति, इतिहास, मनोविज्ञान, वर्गसङ्घर्ष, आञ्चलिकता, लैङ्गिकता आदि अनेक विषयले प्रश्रय पाएको देखिन्छ । त्यससँगै नेपाली उपन्यासमा अनेक प्रवृत्ति र धाराहरू देखापरे । यस्ता धारा तथा प्रवृत्तिमध्ये समाजवादी यथार्थवाद नेपाली उपन्यास परम्पराको एउटा प्रमुख धारा एवं प्रवृत्ति हो । समाजवादी यथार्थवाद मार्क्सवादी दर्शनमा आधारित साहित्यिक मान्यता हो र यो नेपाली उपन्याको एउटा प्रमुख धारा एवं प्रवृत्ति हो । यही प्रवृत्तिमा आधारित गणेश अधिकारीको *डायरीमा रामप्रसाद राई* (२०७७) उपन्यास प्रकाशित भएको छ ।

शिक्षण पेसाबाट सेवा निवृत्त भई लेखन कार्यमा लागेका गणेश अधिकारी (२००३, खोटाङ) का राजनीति, इतिहास र संस्कृतिका विषयमा आधारित फुटकर लेखहरू प्रकाशित भएको पाइन्छ । *मालिकहरूको मधेस* (२०७५) उपन्यासपछि प्रस्तुत *डायरीमा रामप्रसाद राई* उपन्यासकार अधिकारीको दोस्रो प्रकाशित उपन्यास हो । रामप्रसाद राई राणाविरुद्धको सशस्त्र आन्दोलनमा पूर्वी पहाडी क्षेत्रको नेतृत्व गर्ने योद्धाको नाम हो । प्रस्तुत उपन्यासमा तिनै रामप्रसाद राईलाई विषयवस्तु बनाइएको छ । ऐतिहासिक तथा जीवनीपरक विषयमा आधारित प्रस्तुत उपन्यासलाई समाजवादी यथार्थवादको सिद्धान्तका आधारमा यहाँ अध्ययन गरिएको छ । नेपाली उपन्यास परम्परामा जीवनीमा आधारित विभिन्न उपन्यास लेखिएका भए पनि ती मूलतः राजा तथा राणा शासकका जीवनीमा केन्द्रित छन् । केही उपन्यास राज्य सहिदको जीवनीमा आधारित पनि छन् । रामप्रसाद राईजस्ता

इतिहासमा उपेक्षित पात्रका जीवनीमा आधारित भएर उपन्यास लेखनको सुरुआत भने यही उपन्यासबाट भएको देखिन्छ । प्रस्तुत उपन्यासमा राणाविरोधी सङ्घर्षको नेतृत्व गर्ने एक जना योद्धा रामप्रसाद राईको जीवनीलाई आधार मानेर त्यस आन्दोलनको पृष्ठभूमि, आन्दोलनको मूलभूत चरित्र आदिको यथार्थलाई द्वन्द्वात्मक भौतिकवादी आधारबाट चित्रण गरिएको छ ।

समाजवादी यथार्थवाद नेपाली साहित्यको एउटा मुख्य प्रवृत्ति हो । नेपाली साहित्य-समालोचना मार्क्सवादी साहित्यलाई 'प्रगतिवादी' तथा 'समाजवादी यथार्थवादी' नामबाट पनि चिनिने गरिन्छ । नेपाली मार्क्सवादी उपन्यासहरूको सूची निकै लामो छ । हृदयचन्द्र सिंहका *स्वास्नी मान्छे* (२०११) र *एक चिहान* (२०१७) जस्ता उपन्यासको पृष्ठभूमिमा डी.पी. अधिकारीका *आशमाया* (२०२५) र *धर्ती अझै बोल्दैछ* (२०२७), खगेन्द्र संग्रौलाका *चेतनाको पहिलो डाँक* (२०२७), *आमाको छटपटी* (२०३२), पारिजातका *पर्खालभित्र र बाहिर* (२०३५), *अनिँदो पहाडसँगै* (२०३९), यू कार्कीका *सल्कँदै गरेको विश्वास* (२०३०) र *टल्किरहेको मोती* (२०३९), तीर्थ नेउपानेको *खद्माको गाउँ* (२०३५), आर.सी. रिजालको *खरानीभित्रको आगो* (२०३६), सुवासको *बलिदान* (२०३८), इस्मालीका *सेतो आतङ्क* (२०३९) र *जिरो माइल* (२०५४), कुमार थापाको *केवल सृजना अनि प्रेरणा* (२०३८), भक्तबहादुर नेपालीका *जेलभित्र* (२०३८), *उज्यालो गाउँ* (२०४८), *नेपाली आमा* (२०४९), *बेचिएका दिदीबहिनीको कथा* (२०५१), *लीलावती* (२०६५) र *भूतको ओखती* (२०५१), युवराज पाण्डेका *सानी* (२०३९), प्रदीप नेपाल (सञ्जय थापा) का *मुक्ति* (२०३९), *खुइते कडेरिया* (२०४०), *पार्टीकी आमा* (२०४२), *पूर्वतिर* (२०४४), *नओइलाउने फूल* (२०४३), *बुङ्लाका साँझहरू* (२०४६), *देउमाइको किनारमा* (२०४७), रमेश विकलको *अविरल बग्दछ इन्द्रावती* (२०४०), सुदीप थापाको *मिरमिरेपछि,* भाष्करको *हाँडीका कनिका* (२०४४), *बन्दी आवाज* (२०४६), *अमरबस्ती* (२०५४), प्रदीप ज्ञवाली (शीतविन्दु) को *सहयात्री* (२०४६), घनश्याम ढकालको *गाउँभित्र* (२०४७) र *रातो आकाश* (२०६०), ऋषिराज बरालको *कामरेड हुतराज राजधानी प्रस्थान* (२०४८) र *समरगाथा* (२०६४), आहुतिको *नयाँ घर* (२०५०), *स्खलन* (२०५८), पदम थापाको *कैदी* (२०५५), केशरी अम्गाईंको *युद्धक्षेत्र* (२०५६), पृथ्वीबहादुर सिंहको *जब जनता ब्युँझन्छन्* (२०५७), प्रेमसागर पौडेलको *नयाँ जीवन* (२०५७), सुकुम शर्माको *सङ्घर्षशील युवाको डायरी* (२०५७) र *अनवरत यात्रा* (२०५९), भानु भण्डारीको *बालुवाका घरहरू* (२०५८), के.पी ढकालको *जुठेको नयाँ घर* (२०५८), शरद पौडेलका *लिखे* (२०५९), *सीमानावारि सीमानापारि* (२०६१) र *तपन* (२०७३), गङ्गा श्रेष्ठको *ज्वालामुखीको यात्रा* (२०६०), नदीराम के.सी.को *विद्रोहको गीत* (२०६४), दलबहादुर साउदको *जून फुलिरहेको देशतिर* (२०६४), हरिहर खनालको *समयको रेखाचित्र* (२०६५) र *उज्यालोको खोजीमा* (२०६५), परशुराम कोइरालाको *रक्तज्वाला* (२०६५), कमल नियोलको *मुक्तिमार्ग* (२०६५), रामचन्द्र भट्टराईको *ज्वाला* (२०६५), सरला रेग्मीको *प्रवाह* (२०६६), केशव पुडासैनी विमलका *अग्निपथ* (२०७०) र *शिवानी* (२०७५), दीपशिखाको *रात फुलेको याम* (२०७१), विष्णु भण्डारीका *पहेँलो घाम* (२०७२) र *सुनको पहाड* (२०७६), सरल सहयात्रीको *शिखरको ढुङ्गो* (२०७५) आदि उपन्यसहरू प्रकाशित छन् । प्रस्तुत उपन्यास यिनै उपन्यास शृङ्खलाको पछिल्लो कडीका रूपमा आएको छ । यसैले गणेश अधिकारीद्वारा लिखित उक्त *डायरीमा रामप्रसाद राई* (२०७७) उपन्यासको अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनबाट नेपाली उपन्यास साहित्यमा देखिएको अलग्गै विषय र त्यसको विशिष्टतालाई उजागर गरेको छ । यसबाट प्रस्तुत अध्ययनको आवश्यकता र औचित्य पुष्टि हुन्छ ।

## अध्ययनको विधि

यस अध्ययनमा आवश्यक पर्ने सामग्रीको स्रोत पुस्तकालय हो। गणेश अधिकारीद्वारा लिखित *डायरीमा रामप्रसाद राई* उपन्यास यस अध्ययनको प्राथमिक सामग्री हो र यस अध्ययनमा मूलतः प्राथमिक सामग्रीको उपयोग गरिएको छ। समाजवादी यथार्थवादसम्बन्धी सिद्धान्तलाई स्पष्ट पार्नका लागि उपयोग गरिएका समालोचनात्मक तथा सैद्धान्तिक ग्रन्थहरू यस अध्ययनका द्वितीयक सामग्री हुन्। *डायरीमा रामप्रसाद राई* उपन्यासलाई समाजवादी यथार्थवादको मान्यताका आधारमा अध्ययन तथा विश्लेषण गर्नु यस अध्ययनको मूल उद्देश्य हो र प्रस्तुत अध्ययन त्यही दिशातर्फ केन्द्रित छ। समाजवादी यथार्थवादका विभिन्न अभिलक्षणमध्ये यस अध्ययनमा गतिशील यथार्यको प्रतिबिम्बन, वर्गसङ्घर्ष र वर्गीय पक्षधरतालाई कृति विश्लेषणको आधार मानिएको छ। यसमा आवश्यकताअनुसार वर्णनात्मक, तुलनात्मक, पाठविश्लेषण संश्लेषात्मक विधिको अनुसरण गरिएको छ।

## सैद्धान्तिक पर्याधार : समाजवादी यथार्थवाद

'समाज' शब्दमा 'वादी' जोडिएर 'समाजवादी' विशेषण शब्दको निर्माण हुन्छ। यसको अर्थ समाजवादलाई आत्मसात् गर्ने भन्ने हुन्छ। त्यस्तै 'यथार्थ' शब्दमा 'वाद' जोडिएर 'यथार्थवाद' शब्दको निर्माण हुन्छ। सिङ्गो *समाजवादी यथार्थवाद* पदावलीले समाजवादमा आधारित यथार्थवाद भन्ने अर्थ दिन्छ। यथार्थवादका विभिन्न प्रकार छन्, तीमध्ये समाजवादीचाहिँ भन्ने यस पदावलीले बुझाउँछ। 'यथार्थवाद' को शाब्दिक अर्थ वास्तविकतामा आधारित सिद्धान्त वा दर्शन हो। यथार्थवादको अर्थ समाज र जीवनको यथावत् चित्रण हो। यथार्थवादले सामाजिक वस्तुको वस्तुपरक अभिव्यक्तिमा जोड दिन्छ। यसले वैयक्तिक भावानुभूति तथा कल्पनाका आधारमा खोजिएका सत्यको पूर्ण तिरस्कार गर्दै नग्न आँखाले देखिने बाह्य सत्यमा प्रथम दृष्टि पुऱ्याउँछ (श्रेष्ठ, २०७८, पृ.४२)। यथार्थवादका विभिन्न रूप वा प्रकार छन्। तीमध्ये समाजवादी यथार्थवाद एउटा मुख्य प्रकार हो।

समाजवादी यथार्थवाद मार्क्सवादी सिद्धान्तमा आधारित छ। मार्क्सवादी साहित्यलाई नै समाजवादी यथार्थवादी साहित्य भनिन्छ। 'समाजवादी यथार्थवाद' पदावलीको प्रयोग सर्वप्रथम सन् १९३४ मा रुसमा भएको हो। यसका प्रथम व्याख्याता रुसी लेखक म्यासिक्म गोर्की हुन् (पाण्डे, २०६४, पृ.४३)। क्रिस्टोफर कडवेल, राल्फ फक्स, हावर्ड फास्ट, जर्ज लुकाच, अर्न्स्ट फिसर आदि चिन्तकहरूले यसको सौन्दर्यशास्त्रीय प्रतिमानको निर्माण गरेका हुन् (श्रेष्ठ, २०७८, पृ.५९-६०)। यसलाई 'प्रगतिवाद' पनि भनिन्छ। समाजवादी यथार्थवाद यथार्थको विकसित एवं क्रान्तिकारी रूप र एउटा गतिशील दृष्टकोण हो। समाजमा निरन्तर हुने परिवर्तन, विकास र निरन्तर गतिको चित्रण गर्दै उच्च स्तरीय सामाजिक अवस्थाका लागि व्यक्ति र समाजलाई उत्प्रेरित गर्नु यसको उद्देश्य हो। यसले कलाको संज्ञानात्मक पक्षलाई सामाजिक भूमिकाको सन्दर्भमा व्याख्या गर्छ (पाण्डे, २०६४, पृ.४५)। यसरी समाजवादी यथार्थवाद वा प्रगतिवाद मार्क्सवादी चिन्तनमा आधारित भएकाले यो संसारका उत्पीडितहरू एक हौँ भन्ने सिद्धान्तबाट प्रेरित देखिन्छ। सबै प्रकारका उत्पीडनबाट मुक्ति र सबै खाले विभेद, शोषण, उत्पीडनको विरोध तथा शोषणरहित, स्वतन्त्र र अन्तर्राष्ट्रियतावादी मानवको परिकल्पना यसको उद्देश्य देखिन्छ।

समाजवादी यथार्थवादले गतिशील यथार्थको प्रकटीकरणमा जोड दिन्छ। मार्क्सवादले समाजविकासको प्रक्रियामा पनि द्वन्द्वात्मक भौतिकवादको नियम लागु हुने मान्छ। समाजविकासको द्वन्द्वात्मक भौतिकवादी नियमलाई ऐतिहासिक भौतिकवाद भनिन्छ। यसले उत्पादन सम्बन्धको कुल योग अर्थात् आर्थिक पक्षलाई आधार र राजनीति, संस्कृति, साहित्य, कला, न्याय, धर्म आदिलाई

उपरिसंरचना वा माथिल्ला बनोट मान्छ । सामान्यतः आधार (अर्थव्यवस्था) को चरित्रअनुसार उपरिसंरचना (साहित्य, राजनीति, धर्म, संस्कृति आदि) को निर्माण हुन्छ । आधार र उपरिसंरचनाका बिचमा पनि द्वन्द्ववादको नियम लागु हुन्छ । उपरिसंरचनाले पनि आधारलाई परिवर्तन गर्न खोजिरहेको हुन्छ । मुख्य कुरा आधार हो अर्थात् आर्थिक पक्ष हो तर कतिपय अवस्थामा उपरिसंरचनाले पनि आधारलाई प्रभाव पार्छ । त्यतिमात्र होइन, उपरिसंरचनाका पक्षहरूबिचमा पनि द्वन्द्ववादी नियम लागु हुन्छ (वैद्य, २०६७, पृ.२४६-२४७) । यसअनुसार हेर्दा राजनीतिले धर्मलाई, धर्मले राजनीतिलाई, साहित्यले राजनीतिलाई, राजनीतिले साहित्यलाई त्यस्तै धर्मले साहित्यलाई, संस्कृतिले साहित्यलाई, पर्यावरणले साहित्यलाई प्रभाव पारिरहेको हुन्छ भन्ने मार्क्सवादी मान्यता देखिन्छ । यही मान्यतामा टेकेर समाजवादी यथार्थवादले समाजको चरित्र स्थिर नभएर गतिशील हुन्छ भन्दै साहित्यमा गतिशील यथार्थको प्रकटीकरणलाई पहिलो सर्त मान्छ । साहित्यले चित्रण गर्ने समाज, जीवन, राजनीति, संस्कार, संस्कृति, मनोविज्ञान, प्रेम आदिलाई पनि गतिशीलतामा हेर्नुपर्छ, स्थिरतामा वा जडतामा हेर्नु हुँदैन । कुनै वस्तु हिजो जेजस्तो थियो, आज त्यस्तै छैन र भोलि त्यस्तै रहँदैन, निरन्तर परिवर्तनमा रहन्छ । यसर्थ साहित्यले चित्रण गर्ने यथार्थ गतिशील हुनुपर्छ, परिवर्तनशील हुनुपर्छ । यो समाजवादी यथार्थवादी साहित्यको मूलभूत विशेषता हो ।

समाजवादी यथार्थवादले वर्गसङघर्षको सिद्धान्तलाई आत्मसात् गर्दछ । मार्क्सवादका अनुसार समाजविकासको इतिहास वर्गसङ्घर्षको इतिहास हो । मानव उत्पत्तिदेखि अहिलेसम्म आउँदा मानव समाजको विकास जेजसरी भएको छ, त्यो वर्गसङ्घर्षबाट अगाडि बढेको छ र वर्गीय शोषण रहँदासम्म वर्गसङ्घर्ष जारी रहन्छ (वैद्य, २०६७, पृ.२४८) । मार्क्सवादले मानव समाजमा रहको यस्तो वर्गीय विभेदको अन्त्य चाहन्छ र वर्गविहीन समाजको परिकल्पना गरेको छ । लेनिन, माओ, लुनाचास्कीजस्ता मार्क्सवादी कलाचिन्तकहरूले साहित्यकलामा वर्गीय पक्षधरता हुन्छ भन्ने कुरामा जोड दिएका छन् (पाण्डे, २०६४, पृ.६६) । समाजवादी यथार्थवादी कलासाहित्यले शोषण, उत्पीडन, अशिक्षा र गरिबीले ग्रस्त जनतामा सरल र प्रभावकारी रूपमा जीवनको मूल्यबोध गराउने, जनताका दुस्मनप्रति घृणा र मित्रहरूप्रति प्रेमभाव जगाउँदै वर्गचेतना जागृत गराउने, जनताको रुचि, भावना र संस्कार बदल्ने तथा उनीहरूको वैचारिक तथा भावनात्मक रूपान्तरण गर्ने काममा मद्दत पुऱ्याउने, जीवन र क्रान्तिको भविष्यप्रति आशावादी दृष्टि अवलम्बन गर्न प्रेरित गर्ने, सामूहिक भावधाराको सृष्टि गर्ने, सौन्दर्य चेतना जगाउने, समाज रूपान्तरणका लागि जनतामा सचेत एवं क्रियाशील बनाउने जस्ता उद्देश्य राख्दछ । (चैतन्य, २०६४, पृ.१४)

समग्रमा हेर्दा समाजवादी यथार्थवादी साहित्यमा गतिशील यथार्थको चित्रण गरिन्छ । समाज वर्गीय हुनाले साहित्य पनि वर्गीय हुन्छ भन्ने यसको मान्यता हो त्यसैले समाजमा रहेको वर्गद्वन्द्वको चित्रण समाजवादी यथार्थवादको मूलभूत विषय हो । यसले सबै प्रकारका उत्पीडन, शोषण, अन्याय, अत्याचार, विभेद, कुरीति, कुसंस्कार, अन्धविश्वास आदिको विरोध गर्दछ र समानता, न्याय, प्रगतिको पृष्ठपोषण गर्दछ । त्यसैले समाजवादी यथार्थवादले लेखकको पनि वर्गीय पक्षधरता हुन्छ भन्ने मान्दछ । समाजवादी यथार्थवादका यिनै आधारभूत मान्यताका आधारमा यस अध्ययनमा *डायरीमा रामप्रसाद राई* उपन्यासको अध्ययन गरिएको छ ।

## नतिजा र विमर्श

गणेश अधिकारीद्वारा लिखित *डायरीमा रामप्रसाद राई* उपन्यास राणाविरुद्धको सशस्त्र आन्दोलनमा पूर्वी पहाडी क्षेत्रको नेतृत्व गर्ने योद्धा रामप्रसाद राईको जीवनीमा आधारित उपन्यास हो । रामप्रसाद राईको पारिवारिक पृष्ठभूमिदेखि राणा शासनका विरुद्धको विद्रोहमा उनले पुऱ्याएको

योगदान र उनको अज्ञात मृत्यु यस उपन्यासको मुख्य विषय हो। ऐतिहासिक विषयवस्तुमा आधारित भएकाले यसमा चित्रित यथार्थ भनेको इतिहासको यथार्थ हो। रामप्रसाद राई राणाविरोधी आन्दोलनका योद्धा हुन्। सात सालको राणाविरोधी आन्दोलनमा भोजपुरले अगुवाई गरी पूर्वी पहाडका अधिकांश क्षेत्रमा राणापक्षलाई हराएर विद्रोही पक्ष विजयी बनाएको पाइन्छ। यस विद्रोहको सैनिक नेतृत्व रामप्रसाद राईबाट र राजनीतिक नेतृत्व नारदमुनि थुलुङबाट भएको थियो। भारतीय सेनाबाट निवृत्त भई राणा फौजमा लप्टन भएर खोटाङमा कार्यरत रामप्रसाद राईलाई तत्कालीन शासकले जागिरबाट हटाएको थियो। त्यसैले भारतीय सेनाबाट अवकास भई भोजपुरमा आएर स्कुल खोल्नेलगायतका सामाजिक काममा लागेका नारदमनि थुलुङसँग मिलेर उनले राणाविरोधी आन्दोलनको अगुवाई गरे(प्रधान र जोशी, २०५३, पृ.३३)। २००७ साल मङ्सिर २४ गते रामप्रसाद राईको समूहले अड्डाखानाको सुरक्षा गर्ने बहाना मिलाएर उनीहरूकै अगुवाईमा करिब ८७ जनाको समूहले बिना रक्तपात भोजपुर अड्डा कब्जा गरेको थियो। (अधिकारी, २०५८, पृ.२७८-२७९)

भोजपुरबाट थालिएको विद्रोही कारबाही भोजपुर, दिङ्ला, चैनपुर, तेह्रथुम र ताप्लेजुङमा बिना रक्तपात सफल भएको थियो। त्यसैगरी त्यही फौजलाई बिस्तार गरी भोजपुर पश्चिमतर्फ कब्जा गर्ने योजना बनाइयो। मुक्ति सेनालाई नियन्त्रणमा लिन क्या. खड्गबहादुर कार्कीको नेतृत्वमा भोजपुर पुगेको राणा फौजलाई रामप्रसाद राईको नेतृत्वमा रहेको मुक्तिसेनाले एक्कासि आक्रमण गरेर तितरबितर बनाइदिए। राणा फौज पहिले आएकै बाटो फर्कियो। मुक्तिसेनाले खेद्दै गयो र स्थानीय जनताले मुक्ति सेनाको साथ दिए र राणाको फौज हतियार छाड्दै भाग्न थाल्यो। राणाफौजका कमान्डर क्या. खड्गबहादुर कार्की मुक्तिसेनाबाट दिक्तेलमा मारिए (अधिकारी, २०५८, पृ.२८२)। त्यसपछि रामप्रसाद राईको नेतृत्वमा रहेको मुक्तिसेना पश्चिमतर्फ अगाडि बढ्यो। मुगाधन राईको नेतृत्वमा कब्जा भएको ओखलढुङ्गा काठमाडौँबाट आएको राणाफौजले फिर्ता लिएको थियो। त्यसपछि फेरि रामप्रसाद राईसमेत नेतृत्वको फौजले पुनः ओखलढुङ्गा कब्जा गर्‍यो (तामाङ, २०५६, पृ.१७३)। यसपछि रामप्रसाद राईलगायतको नेतृत्वमा रामेछाप, सिन्धुलीगढी, चरिकोट कब्जा गर्दै काठमाडौँतर्फ अगाडि बढ्दै गर्दा भारत सरकार, राणा सरकार र नेपाली काङ्ग्रेसबिच १२ फरवरी १९५१ (२००७ फागुन १ गते) मा बहुचर्चित दिल्ली सम्झौता भयो र राणा र नेपाली काङ्ग्रेसको संयुक्त सरकार बन्यो। यस सम्झौताबाट माझकिरातका योद्धाहरू सन्तुष्ट बनेनन्। उनीहरूले दिल्ली सम्झौताको विरोध गरे। यसरी विरोध गर्ने मुक्तियोद्धाहरूमा रामप्रसाद राईलाई वेपत्ता पारियो। (थुलुङ, २०४५, पृ.१२९)

उल्लिखित ऐतिहासिक सन्दर्भलाई नै यस उपन्यासको मुख्य विषय बनाइएको छ। उपन्यासमा दुई खण्ड छन्। पहिलो खण्डलाई ‘छोपिएको मृत्यु’ र दोस्रो खण्डलाई ‘उपसंहार’ (मृत्युको खोज) भनी शीर्षकीकरण गरिएको छ। पहिलो खण्डमा २२ र दोस्रो खण्डमा ७ परिच्छेद छन्। उपन्यासको अन्त्यमा सहायक ग्रन्थसूची र स्रोतव्यक्तिको सूची पनि दिइएको छ। उपन्यासको सुरुमा सिंहदरबार कब्जाको घटना उल्लेख गरिएको छ। उपन्यास रामप्रसाद राईको मृत्युको सन्दर्भबाट सुरु भएको छ। २४ घण्टासम्म कब्जा गरिएको सिंहदरबार फेरि शाही सेनाले फिर्ता लिएको घटना सुरुमा प्रस्तुत गरिएको छ। त्यही घटनापछि रामप्रसाद राईको अवस्था अज्ञात रहेको ऐतिहासिक यथार्थलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> यसपछि सिंहदरबारभित्रबाट यति ठूलाठूला धमाकाहरूका आवाज आए कि त्यसले पूरै राजधानी काठमाडौँलाई थर्कायो। .... सिंहदरबारबाट उठेको धुवाँको मुस्लो हिमालयतर्फ लाग्यो। संयोगवश हिमालयको काछैकाछ हुँदै यसलाई हावाले पनि पूर्व नै उडाउँदै लग्यो। धुवाँ बादलमा मिसियो र अनेक आकृतिहरू बन्दै गए। अनेक आकृतिहरू बिग्रँदै गए। .... त्यो आकृतिलाई कसैकसैले रामप्रसाद राईको आकृति ठहराए। (पृ.१०)

उल्लिखित वर्णनले सिंहदरबार काण्डपछि नै रामप्रसाद राई बेपत्ता भएको बताउँछ। यसक्रममा परमानन्द बाजेले घिटिकघिटिक हुँदै गर्दा पनि रामप्रसाद राईको डायरी पढेर सुनाएको सन्दर्भ प्रस्तुत गरिएको छ। त्यही डायरीको सन्दर्भ जोडेर उपन्यास अगाडि बढाइएको छ। रामप्रसाद राईको मृत्यु सिंहदरबारभित्र भएको होइन, उनी केआई सिंहसँगै चीनतिर गएका थिए। त्यस क्रममा झुँगाको ओडारमा पुग्दा उनी बिरामी परे र त्यही उनको मृत्यु भयो भन्ने कतिपय इतिहासकारको भनाइमा उपन्यासकारको असहमति देखिन्छ। सिंहदरबारभित्रै रामप्रसाद राईको हत्या भएको थियो र उनी भागेको हल्ला नियोजित थियो भन्ने उपन्यासको निष्कर्ष रहेको छ। के.आई. सिंहले रामप्रसाद राईका कागजपत्र लुकाइदिएपछि बिरक्त भएर गाउँ फर्केकी पत्नी दिलकुमारी र छोरी लक्ष्मीले धरानबाट सान्दिलुङ जाने क्रममा बास बसेको घरमा रामप्रसाद राईको फोटो देख्छन् र उनीहरूले घरधनीसँग त्यो फोटो माग्छन्। त्यस क्रममा घरधनीले राप्रसाद राईलाई सिंहदरबारभित्र मारेर उनी भागेको भनी गलत प्रचार गरिएको थियो भन्छ, “यिनी लुक्दै भाग्ने मानिस थिएनन्। तर सबैले सबैतिर एकोहोरो लागेर भनेपछि हो जस्तो हुँदोरहेछ” (पृ.१९०)। यस्ता अनेक सन्दर्भबाट उपन्यासमा रामप्रसाद राईको षडयन्त्रपूर्वक हत्या भएको पुष्टि गर्न खोजिएको छ।

उपन्यास रामप्रसाद राईको जीवनीमा आधारित भए पनि यसमा तत्कालीन किरात वर्कस पार्टी र नेकपा माओवादीको नेतृत्वमा भएको सशस्त्र जनयुद्धको सन्दर्भ पनि जोडिएको छ। उपन्यासमा जनयुद्धका नेता गोपाल किराती ‘साइँला’ लाई पनि पात्रका रूपमा खडा गरिएको छ। रामप्रसाद राईले सुरु गरेर बिचमै अलपत्र परेको गणतन्त्र र जातीय मुक्ति आन्दोलनलाई अगाडि बढाउँदै निष्कर्षतिर उन्मुख गराउने पात्रका रूपमा साइँलालाई उभ्याइएको छ। उपन्यासको अन्त्यमा तिनै साइँलाको अगुवाइमा रामप्रसाद राईलाई विभूति घोषणा गर्न र उनको छोपिएको इतिहासलाई प्रकाशमा ल्याउन प्रयत्न भएको सन्दर्भ पनि उल्लेख गरिएको छ। उपन्यासको अन्त्यमा रामप्रसाद राईले सुरु गरेको क्रान्ति अझै अधुरो छ र त्यसले एक दिन पूर्णता पाउनेछ भन्ने आशा यसरी व्यक्त गरिएको छ– “त्यो मानिसले लक्ष्मी राईको अनुहारतर्फ हेरेर पहिले जस्तै फेरि हाँस्यो मात्र र आफ्नो झोला टिपेर बाटो लाग्यो। यसरी रामप्रसाद राईको छोपिएको मृत्युको खोज नेपाली इतिहाससँगै अविश्रान्त जारी छ।” (पृ.२०४)

उपन्यासमा खालि राजनीतिक इतिहाको मात्रै चित्रण छैन, तत्कालीन समाज, संस्कृति, आर्थिक प्रणाली आदिको पनि सघन तथा गतिशील चित्रण गरिएको छ। उपन्यासमा अस्ट्रेलिया, काठमाडौँ आदिको परिवेश आएको भए पनि यसको मुख्य परिवेश माझकिरात क्षेत्र हो। माझकिरातका भोजपुर र खोटाङ जिल्लाको आर्थिक, सामाजिक, सांस्कृतिक अवस्थाको चित्रण यसमा पाइन्छ। माझकिरात क्षेत्रका मुख्य बासिन्दाका रूपमा रहेका किरात जातिको संस्कृतिका विविध पक्षको चित्रण गरिएको छ। खोटाङ खार्मीमा जन्मेकी र श्रीपाल राईसँग बिहे गरेकी जग्गुमाया राईलाई चिनाउने क्रममा उपन्यासमा लेखिएको छ :

> जग्गुमायामा शिक्षाको अभाव हुँदाहुँदै पनि उनी राजनीति बुझ्न सक्ने महिला थिइन्। .... किराती जातिको इतिहासको यिनलाई कसरी हो पूर्ण ज्ञान थियो। किराती संस्कार र संस्कृतिको क्षेत्रमा पनि यिनी अगाडि नै थिइन्। किराती उँभौली पर्वमा साकेला नाचको आयोजना यिनै गर्थिन्। सयौँ जनाको एउटा ठूलो गोलो घेरा बनाएर यो नाचको आयोजनामा ‘चासुम सिली’, ‘आपावाम्बा सिली’, ‘छाक्लेवा सिली’ र ‘नारवा सिली’ जस्ता अनेक सिलीहरूमा नाचको नेतृत्व यिनै लिन्थिन्। (पृ.४९)

उपर्युक्त वर्णनले किरात राई जातिको मुख्य चाडका रूपमा रहेको साकेला सिलीका साथै किरात महिलालाई चिनाउने काम गरेको छ। त्यस्तै यसमा साकेला सिली वा नाचका प्रकार र प्रकृतिका बारेमा पनि चर्चा गरिएको छ। साकेला नाचको सिली टिप्ने, अभिनय गर्ने आदि विषयको

वर्णन पनि गरिएको छ । किरात समुदायमा प्रचलित साकेला नाचको शैली वा सिलीको बारेमा पनि परिचय दिइएको छ । त्यसरी नै उपन्यासमा किरात जातिको सांस्कृतिक चाड साकेला नाचमा गन्यमान्य, बुद्धिजीवी, उच्चपदस्थ व्यक्ति पनि सहभागी हुन्छन् भन्ने देखाइएको छ । साकेला नाचमा समाजका प्रतिष्ठित व्यक्तिहरूको सक्रिय सहभागिता रहन्छ भन्ने तथ्यका लागि जमदार, लप्टनहरू पनि त्यसमा सहभागी रहेको देखाइएको छ । साथै यसमा फेटा गुथ्ने, जाँडले भरिएको चिन्डो बोकेर त्यसबाट जाँड छर्किने, गोलाकार भएर नाच्नेजस्ता साकेला नाचका सांस्कृतिक विधिविधानको पनि चित्रण गरिएको छ । यस्तै उपन्यासमा साकेला गीतका केही अंश र त्यस नाचमा बजाइने ढोल, झ्याम्टा जस्ता वाद्यवादन र त्यसबाट निस्कने सङ्गीतको पनि चर्चा गरिएको छ । 'सोई ढोले सोई' 'अर्को ढोले खोइ', 'सोईसोई ला हो कुर्रा हा हा, सोईसोईला हो कुर्रा हा हा', 'तीनतले घरको जोर बाहाँ, हामी त यहाँ, तिमी कहाँ ? स्यामुना तिमी कहाँ ?' (पृ.५७) जस्ता साकेला गीतको अंश हो । 'ढ्यान्कु, ढ्यान्कु, ढ्यान्कु' ढोलको आवाज र 'झ्याम् झ्याम् झ्याम्' झ्याम्टा बजेको आवाज हो । यसरी उपन्यासमा साकेला नाचको शब्दचित्र उतारिएको छ। उपन्यासमा माझकिरात क्षेत्रमा रहेको संस्कृति तथा सांस्कृतिक सहिष्णुताको चित्रण यसरी गरिएको छ :

> नेपालको एकीकरणमा माझकिरातको सामेलीभन्दा पहिला नै हिन्दु धर्मावलम्बीहरूलाई किरात धर्मीहरूले स्वागत गरेका थिए । एकीकरणमा बल प्रयोग गरिएको भए तापनि यसपछि अन्य धर्मीहरूलाई पनि माझकिरातले आफूमा सामेल गराउँदै लग्यो । उनीहरूको यो सौहार्दपूर्ण परम्परा यथावत् रह्यो । नेपालभोट युद्धको समयमा व्यापारको मन्दीपछि काठमाडौँका बौद्धमार्गी नेवारहरूलाई पनि माझकिरातले सहजै स्वीकार गऱ्यो । यसै इतिहासका सकारात्मक परिणाम थिए माझकिरातका विभिन्न स्थानहरूमा स्थापित भएका साना र सुन्दर व्यापारिक बस्तीहरू । (पृ.५५)

उपन्यासमा सांस्कृतिक सहिष्णुताको विभिन्न उदाहरण पनि दिइएको छ। साकेलाका समयमा राईका घरमा किरात, बौद्ध र हिन्दुहरू सबै जम्मा हुने, विभिन्न जातिका मानिसका घरबाट दही, मोही, रोटी र अचार ल्याउने, सबै मिलेर खाने, आपसमा शुभकामना आदानप्रदान गर्नेजस्ता परम्पराको चित्रण यसमा पाइन्छ । यसका साथै उपन्यासमा माझकिरात क्षेत्रको आर्थिक पक्षको चित्रण पनि गरिएको छ । राणा कालमा शासकलाई खुसी बनाएर जग्गाको हकभोग लिएर विभिन्न जातिका मानिसहरू माझकिरात प्रवेश गर्थे भन्ने देखाइएको छ । उपन्यासमा माझकिरात क्षेत्रका पुराना बासिन्दा किरातीहरू गरिब हुँदै गएका छन् भन्ने कुराको चर्चा पनि गरिएको छ । लोकनाथ पोखेल नामको पात्र भन्छ :

> पहिले त किराती सबै जमिनका मालिक थिए । हामीहरूले खाएको जमिन पनि उनीहरूकै हो । तर समयले गर्दा सो जमिन उनीहरूको हातमा रहेन । अब रामप्रसाद राईले जति नै जोगाएर बिजन दर्ता गराएको भए पनि यसको मार तिनै गरिब र खासगरेर पहिलेका जमिनवाला भनिएका किरातीहरूमा पर्छ । राजा र राणाहरू मात्रै धनीमाथि झन् धनी हुनेछन् । (पृ.६०-६१)

यसरी उपन्यासमा चित्रित यथार्थ गतिशील छ। समाजवादी यथार्थवादको सैद्धान्तिक मान्यताअनुसार समाजमा रहेको विभेद, शोषण र त्यस विरुद्धको प्रतिरोध र अग्रगामी यात्राको चित्रण यस उपन्यासको मुख्य विषयवतु रहेको छ । उपन्यासको मुख्य विषय नै उत्पीडन, शोषण, विभेद विरुद्धको सङ्घर्ष हो । उपन्यासमा राणा शासनविरुद्धको सङ्घर्ष प्रमुख रूपमा आएको छ । साथसाथै अस्ट्रेलियाका आदिवासीमाथि गोरा शासकले गरेको उत्पीडन र त्यसको प्रतिरोध युद्धलाई पनि विशेष महत्त्वका साथ चित्रण गरिएको छ । रामप्रसाद राईको जीवनीमा आधारित उपन्यासमा अस्ट्रेलियाको विषय जोड्नका लागि रामप्रसाद राई अङ्ग्रेज सेनामा भर्ती भएपछि सैनिक तालिममा अस्ट्रेलिया पुगेका र त्यहाँ बस्दा उनले अङ्ग्रेजहरूले अस्ट्रेलियाका आदिवासीमाथि गरेको दमन र आदिवासीले

गरेको प्रतिरोधका बारेमा थाहा पाएको सन्दर्भलाई प्रस्तुत गरिएको छ। अस्ट्रेलियाको सङ्घर्षबाट नै रामप्रसाद राईमा आदिवासीमाथि हुने उत्पीडन र त्यसका विरुद्ध सङ्घर्षको अपरिहार्यताको बोध भएको थियो भन्ने देखाउन यस उपन्यासमा अस्ट्रेलियाका आदिवासी 'इओरा' र अङ्ग्रेजसँगको उनीहरूको युद्धका बारेमा विस्तृत चित्रण गरिएको छ।

उपन्यासमा रामप्रसाद राई र राणाविरोधी आन्दोलनको पृष्ठभूमिमा पहिलो र दोस्रो विश्वयुद्धलाई पनि लिइएको छ। उपन्यासमा पहिलो विश्वयुद्धमा सहभागी नेपाली युवाहरूका पीडा, व्यथा, पारिवारिक विखण्डनको अवस्थाको दर्दनाक चित्रण गरिएको छ। पहिलो विश्वयुद्ध सकिएर तङ्ग्रिँदै गरेको अवस्थामा विश्वयुद्धका घाइते र अपाङ्गहरू गाउँघरमा छ्यास्छ्यास्ती भेटिने, तिनीहरूले युद्धका दारुण कथाहरू भन्ने, बाबु जेनतेन बाँचेर आएको पनि आमाले दोस्रो विवाह गरिसकेकी हुनेजस्ता युद्धका पीडाको चित्रण उपन्यासमा पाइन्छ।

उपन्यासले नेपालमा र संसारभर वर्गीय विभेद रहेको र त्यसका विरुद्ध सङ्घर्ष अनिवार्य रहेछ भन्ने कुरालाई देखाएको छ। उपन्यासमा अस्ट्रेलियामा आदिवासीमाथि भएको दमनलाई नेपालमा रहेको जातीय तथा वर्गीय विभेदको सन्दर्भसँग तुलना गर्न खोजिएको छ। नेपालको तत्कालीन सरकारले मासिने जाति भनी विभेद गरिएका लडाकु जाति किराती, तामाङ, गुरुङ, मगरहरूलाई आफ्नो सेनामा भर्ना गर्न चाहने अङ्ग्रेज शासक र आफूले विभेद गरिएका जातिका युवालाई अङ्ग्रेज सेनामा पठाएर कमिसन पाउने र आफ्नो शासन व्यवस्थालाई पनि सुरक्षित राख्न चाहने नेपाली शासकको स्वार्थ मिलेको हुँदा नेपाली युवाहरू अङ्ग्रेजी सेनामा भर्ना हुनुपरेको र पहिलो तथा दोस्रो विश्वयुद्धमा धेरै नेपाली युवाहरूले ज्यान गुमाउनु परेको, अङ्गभङ्ग भएको र पारिवारिक विखण्डन भएको सन्दर्भको चित्रण गरिएको छ।

बिजन दर्तामा राणा शासकले भनेअनुसार काम नगरेको र गाउँमा थिचोमिचो गर्नेलाई कारबाही गरेको हुँदा राणाहरूका मान्छेले चुक्ली लगाएर रामप्रसाद राईलाई लप्टनको जागिरबाट अवकाश दिइएको भनी उपन्यासमा उल्लेख गरिएको छ। जागिरबाट निकालिएपछि बिदाइ भाषणमा उनले राणा शासनको विरोध गर्दै अब एक वर्षमा नेपालमा ठुलो हलचल आउने छ भनेको उल्लेख गरिएको छ। भर्खरै सकिएको दोस्रो विश्वयुद्धमा अङ्ग्रेज शासकले भारत छोड्नुपरेको अवस्थाबाट रामप्रसाद राई, नारदमुनि थुलुङजस्ता माझकिरातका अगुवाहरूलाई राणा शासनको अन्त्य हुन्छ भन्ने विश्वास जागेको र उनीहरूले भोजपुर क्षेत्रमा विशेष गरी भूतपूर्व सैनिकहरूलाई समेटेर राणाविरोधी सङ्गठन निर्माण गरेको कुरा उपन्यासमा वर्णन गरिएको छ। आन्दोलन दबाउन भनी भोजपरका कर्नेल भक्तबहादुरले धनकुटाबाट ल्याएका हतियार नारदमुनि थुलुङ तथा रामप्रसाद राईहरूले आफ्नो निगरानीमा राखेका हुन्छन् र त्यही हतियारका बलमा उनीहरूले विद्रोह अगाडि बढाउँछन्। रामप्रसाद राईले नारदमुनिसँग भन्छन् :

> माझकिरातलाई कब्जामा लिइसकेपछि दायाँबायाँ बढ्नुपर्छ। माझकिरात लिनका लागि हामीलाई काङ्ग्रेसको आवश्यकता पर्छ जस्तो मलाई लाग्दैन। राजनीतिको जिम्मा हजुर नारदमुनिले लिनुपर्छ। सैनिक फाँटको जिम्मा म लिनेछु। तर हतियार उठाउने कुरामा हामी दुईमा दुबिधा हुनु हुँदैन। कारण हतियार हातमा लिएका राणाका विरुद्ध विना हतियार उठियो भने त्यसले किरातलाई सखाप पार्छ। (पृ.६९)

राज्यसत्तालाई सजिलै परास्त गर्न सकिँदैन र उत्पीडकका विरुद्ध हतियार उठाउन तयार रहनुपर्छ भन्ने विषय यस कथनले स्पष्ट गर्छ। वर्गसङ्घर्षमा अन्ततः शोषक वर्गको हार निश्चित छ तर त्यसका लागि उत्पीडित वर्गले सङ्घर्ष गर्न आँट गर्नुपर्छ भन्ने मार्क्सवादी मान्यतालाई यस उपन्यासमा स्पष्ट पारिएको छ। माथिको कथनले पनि त्यही कुराको पुष्टि गर्छ। उपन्यासमा राणाविरोधी आन्दोलनको आह्वान काङ्ग्रेसको गरेको भए पनि आन्दोलन सम्पूर्ण रूपमा काङ्ग्रेसको

बलमा मात्रै सफल भएको थिएन बरु काङ्ग्रेसले त आन्दोलन पूर्ण फल नहुँदै दिल्ली सम्झौता गरी आन्दोलनमाथि धोका दियो भन्ने कुरा उपन्यासमा भनिएको छ। रामप्रसाद राईले भनेको तलको कथनले त्यसलाई पुष्टि गर्छ :

> काङ्ग्रेसले क्रान्तिको आह्वान त गरेको छ तर ऊ सीमावर्ती सहरतिर अलमल गरिरहेको छ। विराटनगर, वीरगन्ज, भैरहवा वा अन्य यस्तै सहरमा मात्रै क्रान्तिको सन्देश पुऱ्याएर हुँदैन। वास्तवमा यो क्रान्ति लड्ने लडाकु जाति भनेकै हामी किराती जाति हो। कारण सबैभन्दा बढी मर्कामा परेको जाति पनि यही हो। यहाँको कानुनले हामीलाई मासिने जातिमा परिभाषित गरेको छ। ... विदेशी सेनामा हामीलाई माया गरेर पठाएको होइन। आफूले मास्ता अरुमा धेरै हल्ला हुने भएकाले लडाइँमा पठाएका हुन्। (पृ.७६)

यस कथनले राणाविरोधी आन्दोलन उठ्नका पछाडिको पृष्ठभूमि बुझ्न सकिन्छ। यसका साथै वर्गसङ्घर्षको अनिवार्यता र त्यसको पक्षधरता पनि बुझ्न सकिन्छ। सबैभन्दा बढी उत्पीडनमा परेको वर्गले उत्पीडनका विरुद्ध सङ्घर्ष गर्छ र त्यो आवश्यक छ भन्ने विषयलाई यस उपन्यासले जोड दिएको छ।

विशेष गरेर राणाविरोधी आन्दोलनमा माझकिरात क्षेत्रको योगदानलाई चित्रण गर्दागर्दै पनि यस उपन्यासले उपन्यासले सात सालको राणाविरोधी आन्दोलनको साङ्गोपाङ्गो रूपरेखा प्रस्तुत गरेको छ। यसले दिल्ली सम्झौताको भित्री आशयलाई प्रस्ट पार्छ। दिल्ली सम्झौताको विरोध गर्दै रामप्रसाद राईले भूगोलपार्कको आमसभालाई सम्बोधन गर्दै मानिसलाई पहिला गाँस, बास र कपास आवश्यकता पर्छ तर मुक्ति सेनालाई यी तीनै कुराबाट वञ्चित राखिएको छ भनेका छन्। राणा शासनबाट देशलाई मुक्त गराउने मुक्ति सेनाको चिहान बनाउन खोजिएको भन्दै उनले नेपाल सरकारको मन्त्रीमण्डलको बैठकमा भारतीय राजदूत गएर बसेको हुन्छ र उसले चाहेको कुराहरू पास गरेर जान्छ भनी आक्रोश व्यक्त गरेका छन्। (पृ.१३५)

उपन्यासमा रामप्रसाद राईलाई गणतन्त्रवादी योद्धाका रूपमा उभ्याइएको छ। भूगोलपार्कको आमसभामा उनी भाषण गर्छन्– “राणा अब फर्कन सक्तैन। यसै गरी फर्कन नसक्ने गरी लखेटिनुपर्ने पालो अब राजाको आएको छ। राजा र राजतन्त्रलाई नै उखेलेर फ्याँकेपछि मात्रै नेपाली नागरिक हुनेछौँ हामीहरू” (पृ.१३६)। रामप्रसाद राई नेतृत्वको मुक्ति सेनालाई रक्षा दल भनेर अन्य विद्रोही सेनासँग मिलाएको, किरात सेनाले राज्यलाई हतियार नबुझाएको, रामप्रसाद राईले दिल्ली सम्झौताको विरुद्ध भाषण गरेको, रक्षादललाई हतियारसहित सरकारी सेनाको मान्यता दिन गरेको आग्रह अस्वीकार गरी उल्टै रामप्रसाद राईलाई पक्राउ गरेको, मुक्ति सेनाले रामप्रसादलाई थुनामुक्त गरेको र त्यही फौजले रामप्रसाद राईको नेतृत्वमा सिंहदरबार कब्जा गरेको, सिंहदरबारमा थुनिएका के.आई. सिंहलाई थुनामुक्त गरेको तर के.आई. सिंह राजतन्त्र हटाउन नचाहेको र यसले गर्दा मुक्ति सेनामा विभाजन आई शाही सेनाले सिंहदरबार पुनः कब्जामा लिन सकेको उपन्यासको निष्कर्ष छ। रामप्रसाद राईले डा. के.आई. सिंहलाई कमान्डर मानेका कारण बेलामा आदेश दिन नसक्दा विद्रोह सफल नभएको निष्कर्ष दिइएको छ।

उपन्यासमा डा. के.आई. सिंहका क्रियाकलाप शङ्कास्पद रूपमा चित्रण गर्दै उनी विश्वासघाती र षड्यन्त्रकारी थिए भनिएको छ। दिल्ली सम्झौताको विपक्षमा रहेका के.आई. सिंह र रामप्रसाद राईको विचार मिल्न गयो। दिल्ली सम्झौताको विरोध गरेकाले दुवै जनालाई तत्कालीन सरकारले जेलमा राखेको थियो। त्यस्तैमा रामप्रसाद राईको मुक्ति सेनाका सहायतामा के.आई. सिंह र रामप्रसाद राई जेलमुक्त भए। रामप्रसाद राईले के.आई. सिंहलाई नेता मानेर दुवैका फौजहरूको सहायताका सिंहदरबार कब्जा गरे। रामप्रसाद राई के.आई. सिंहलाई नेता मानेर उनकै नेतृत्वमा सरकार गठन गर्न चाहन्थे तर सिहदरबार फेरि शाही सेनाले कब्जा गरेपछि के.आई. सिंह

आत्मसमर्पण गरी चीनतिर पलायन भए। रामप्रसादको अवस्था अज्ञात भयो। यहीँनेर के.आई. सिंहले दरबारसँग कुनै गोप्य सम्झौता गरेको र त्यसको सिकार रामप्रसाद राई भएको भन्ने उपन्यासको निष्कर्ष देखिन्छ। सिंहदरबार काण्डको ६ वर्षपछि के.आई. सिंह नेपाल आएर प्रधानमन्त्री भए र त्यही बेला उनले रामप्रसाद राईको परिवारसँग हेर्न भनेर रामप्रसाद राईका सबै कागजपत्र लगे र फेरि कहिल्यै फिर्ता दिएनन्। त्यसले के.आई. सिंहले रामप्रसाद राईमाथि विश्वासघात गरेको पुष्टि हुन्छ भन्ने उपन्यासको निष्कर्ष छ। उपन्यासमा रामप्रसाद राईकी श्रीमती दिलकुमारी राई भन्छिन् :

> रामप्रसाद राईको विद्रोह असफल बनाउने तिमी रहेछौ। विद्रोह असफल भयो त्यसैकारण तिमी प्रधानमन्त्री भयौ। रामप्रसाद राईको विद्रोह सफल हुन्थ्यो भने आज तिमी जुन पदको कुर्सीमा बसेका छौ त्यहाँ रामप्रसाद राई हुने थिए। यो देशको सत्तामा किराती आउलान् भनेर त्यसलाई छल्नुपर्दा क्रान्ति अधुरो रहेको परिणाम प्रजातन्त्र नै अधुरो रहन गएको छ। तिमीजस्ता ठकुरीहरूले सबै जातिलाई बराबरी देख्ने दिन धेरै टाढा छैन होला। (पृ.१८५)

दिलकुमारीका माध्यमबाट प्रस्तुत उल्लिखित कथनले डा. के.आई. सिंहले गरेको विश्वासघातलाई मात्रै देखाउँदैन, यसले २००७ सालको आन्दोलन र दिल्ली सम्झौताबाट भएको धोका र गणतन्त्रप्रतिको आस्थालाई पनि देखाउँछ। यहाँ उल्लेख भएको "यो देशको सत्तामा किराती आउलान् भनेर त्यसलाई छल्नुपर्दा क्रान्ति अधुरो रहेको परिणाम प्रजातन्त्र नै अधुरो रहन गएको छ" भन्ने कथनमा दिल्ली सम्झौताको अन्तर्य लुकेको छ। राणाविरोधी आन्दोलनको सुरुआत नेपाली काङ्ग्रेस पार्टीको नेतृत्वमा भएको भए पनि त्यसले खास गति लिन नकेको अवस्थामा पूर्वी पहाडबाट रामप्रसाद राईको नेतृत्वमा भएको विद्रोहले केन्द्रीय सत्ताकब्जा गर्ने परिस्थिति भएपछि हतारहतारमा दिल्ली सम्झौता भएको र त्यसले गर्दा नेपालको प्रजातन्त्र नै अधुरो रहेको भन्ने कुरालाई यसले पुष्टि गर्छ। त्यसरी नै यसमा प्रस्तुत "तिमीजस्ता ठकुरीहरूले सबै जातिलाई बराबरी देख्ने दिन धेरै टाढा छैन होला" भन्ने कथनले खास जातिविशेषले राजा हुन पाउने राजतन्त्रात्मक शासन व्यवस्था पनि एक दिन ढल्छ भन्ने बुझाउँछ। यसरी यस कथनांशमा प्रस्तुत विचारले जातीय विभेदको अन्त्य र गणतन्त्रको स्थापनाको लेखकीय पक्षधरतालाई पनि प्रस्ट्याएको छ।

समग्रमा हेर्दा यस उपन्यासको विषयवस्तु इतिहासपरक, यथार्थपरक र वर्गसङ्घर्षको चित्रणमा आधारित छ। विषयवस्तु महत्त्वपूर्ण हुँदाहुँदै पनि यस उपन्यासको भाषिक तथा शैलीगत पक्षमा भने कतिपय सीमाहरू अवश्य छन्। उही सन्दर्भको पुनरावृत्ति हुनु, कतिपय विषय, सन्दर्भलाई पात्रका माध्यमबाट व्यक्त नगरी लेखक स्वयंले बोल्नु, वर्णनको आधिक्यजस्ता सीमाहरू यसमा रहेका छन्।

## निष्कर्ष

गणेश अधिकारीद्वारा लिखित *डायरीमा रामप्रसाद राई* उपन्यास ऐतिहासिक विषयवस्तुमा आधारित छ। राणाविरोधी आन्दोलनका योद्धा रामप्रसाद राईको जीवनीमा आधारित यस उपन्यासमा वि.सं. २००७ मा भएको राणाविरोधी आन्दोलनमा विशेष गरी माझकिरात क्षेत्रका योद्धाले गरेको सङ्घर्ष यसको केन्द्रीय विषयवस्तु हो। यसमा योद्धा रामप्रसाद राईको जीवनका मुख्यमुख्य घटनाको चित्रण गरिएको छ। उपन्यासले नेपालमा रहेको वर्गीय तथा जातीय विभेद, शोषण, वैदेशिक हस्तक्षेप आदिको चित्रण गर्दै त्यसका विरुद्ध सङ्घर्ष अनिवार्य छ भन्ने कुरामा जोड दिइएको छ। यसमा प्रसङ्गवश अस्ट्रेलियाका आदिवासीमाथि भएको दमन र त्यसको प्रतिरोधमा भएको युद्धको पनि चर्चा गरिएको छ। यसमा तत्कालीन राणा शासकले नेपालका किराती, तामाङ, गुरुङ, मगर आदि जातिमाथि गरेको विभेद र ती जातिका युवालाई अङ्ग्रेज सेनामा पठाउने गरेको पृष्ठभूमि

उल्लेख गर्दै २००७ सालको राणाविरोधी आन्दोलन, दिल्ली सम्झौता, दिल्ली सम्झौताप्रति रामप्रसाद राईहरूको असन्तुष्टि र विरोध, उनीमाथि तत्कालीन सरकारले गरेको धरपकड, उनको नेतृत्वमा मुक्ति सेनाद्वारा सिंहदरबार कब्जा, डा. के.आई. सिंहसँगको मतभेदका कारण देशको मूल सत्ताकब्जा गर्ने उनको चाहना असफल र उनको मृत्यु कहाँ कसरी भयो भन्ने बारेमा रहेको अन्योल आदि विषयमा उपन्यास केन्द्रित रहेको छ । उपन्यासमा गतिशील यथार्थ चित्रण गरिएको छ । उत्पीडित र उत्पीडकका बिचमा रहेको सङ्घर्षको चित्रणमै उपन्यास केन्द्रित छ । सबै प्रकारका उत्पीडनको अन्त्य आवश्यक र सम्भव छ भन्ने उपन्यासको निष्कर्ष रहेको छ । यी विशेषता समाजवादी यथार्थवादका आधारित छन् । निष्कर्षमा भन्दा ऐतिहासिक विषयवस्तुमा आधारित प्रस्तुत *डायरीमा रामप्रसाद राई* एउटा सफल समाजवादी यथार्थवादी उपन्यास बन्न सकेको छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, गणेश (२०७७). *डायरीमा रामप्रसाद राई.* ललितपुर : रामप्रसाद राई फाउन्डेसन, नेपाल ।

अधिकारी 'शास्त्री', हेमराज (२०५८). *आजको नेपाल.* काठमाडौँ : श्रीमती चन्द्रकला अधिकारी ।

चैतन्य (२०६४). *मार्क्सवादी कलादृष्टि र समीक्षा.* काठमाडौँ : ऐरावती प्रकाशन ।

तामाङ, श्यामकुमार (२०५६). *जनमुक्ति सेना एउटा नलेखिएको इतिहास.* काठमाडौँ : एकता प्रकाशन ।

थुलुङ, नारदमुनि (२०४५). *बिर्सेका अनुहार : बिर्सन नसकिएका घाउहरू.* काठमाडौँ : प्रतिनिधि प्रकाशन ।

पाण्डे, भवानीप्रसाद (२०६४). *पारिजातका उपन्यामा समाजवादी यथार्थवाद.* काठमाडौँ : अल्टिमेट मार्केटिङ प्रा.लि. ।

प्रधान, परशुराम र जोशी, कृष्णप्रसाद (२०५३). *२००७ सालको क्रान्ति र नारदमुनि थुलुङ.* काठमाडौँ : नारदमुनि थुलुङ स्मृति परिषद ।

वैद्य, मोहन 'किरण' (२०६७). *मार्क्सवादी दर्शन.* काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र ।

श्रेष्ठ, दयाराम (२०७८). *यथार्थवाद र नेपाली कथा परम्परामा आधुनिक कालको प्रणयन.* काठमाडौँ : शिखा बुक्स ।